# नेपाल गजेट

## भाग ४

**नेपाल सरकारद्धारा प्रकाशित**

**काठमाडौं भाद्र २४ गते २०१४ साल**

### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं ५१

अर्थमन्त्रालय प्रशासकीय व्यवस्था र कृषि—डाइरेक्टरअन्तर्गत लाइभष्टक इम्प्रूभमेन्ट समेतका निमित्त २ जना टाइपिष्टको पदमा आवेदन गर्ने उमेदवारहरूको कृषितर्फ सो समयमा बिभागबाट तोकिएको शैक्षिक योग्यता नपुगेको औं अर्थमन्त्रालयतर्फको हकमा प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता गर्दा चाहिने योग्यता नदेखिएको हुनाले फेरि विज्ञापन गर्ने काम भएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो बेहोरा स्पष्ट भरी २०१४ साल कार्तिक १४ गते रोज ४ सम्ममा तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मोरु १ वा त्यतिको नेपाली टिकटसहित दरखास्त गर्नु होला। फी दस्तुर नभएको र म्याद नाघी दाखिल भएको दरखास्तउपर विचार हुनेछैन।

पदहरूका विवरण यस प्रकार छन्ः—

१. अर्थमन्त्रालय प्रशासकीय व्यवस्थालाईः—

(क) पदः-- टाइपिष्ट, स्थायी तथा पेन्सन पाइने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८८

(ख) आवश्यक न्यूनतम योग्यता:-- सरकारी स्वीकृति प्राप्त भएको संस्थाबाट अंग्रेजी नेपाली दुवै टाइप राइटिंगमा पास भएको ।

(ग) मासिक तलब र भत्ता :- तलब मोरु ७०। (३५+१५+१०+१०)

२. कृषिमन्त्रालय—अन्तर्गत लाइभष्टक इम्प्रूभमेन्टलाई ।

(क) पद :-टाइपिष्ट, स्थायी तथा पेन्सन पाइने ।

(ख) आवश्यक न्यूनतम योग्यता:- नेपाली र अंग्रेजी टाइप राइटिंग दुवमा पास भएको ।

(ग) वाञ्छनीय योग्यता:- एस्.एल सी. पास ।

(घ) मासिक तलब र भत्ता :—तलब मोरु ६०। (३५+१०+१०)

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन

## पब्लिक सर्भिस कमिशनको सूचना

विज्ञापन नं. ५१ मा थप [क]

अर्थमन्त्रालय प्रशासकीय व्यवस्थालाई १ र लाइभस्टक इम्प्रूभमेन्टलाई १ समेत २ जवान टाइपिष्ट चाहिएको छ भनी विज्ञापन नं. ५१ मा प्रकाशित भएकोमा हाल पंचवर्षीय योजनाको कामलाई भनी योजना विकाश मन्त्रालयलाई अंग्रेजीको १ र नेपालीको १ समेत २ जवान टाइपिष्ट चाहिएकोले जम्मा जवान ४ पुगेको हुनाले २०१४।७।४।१ सम्ममा दरखास्त दिनुहुनाका निमित्त सूचना गरिएको छ।

योजना विकाश मन्त्रालयका लागि चाहिएको टाइपिष्टको योग्यता यस प्रकार छन् ।—

१. आवश्यक न्यूनतम योग्यता:— तत्तत् भाषाको टाइपिष्ट पास भएको ।

२. वाञ्छनीय योग्यता:—अंग्रेजी नेपाली दुवै टाइपिंगमा पास भएको ।

आज्ञाले-
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन
सिंहदरबार काठमाडौं, नेपाल।

गोरखापत्र छापाखानामा मुद्रित, मेनेजर प्रेमराज, शर्मा.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६८